# र त मसीले कागज रङ्गीरहेछ

त्रास र पीडाका चीत्कारले गगन चुम्न खोजीरहेछन
भीमकाय राक्षसहरू हाहा र होहो गर्दै शंखनाद गरीरहेछन
चट्याङ परीरहेछ मेघ गर्जेर रक्त बृष्टि गरीरहेछ
र त मसीले कागज रङ्गीरहेछ

समानता, प्रजातन्त्र र आदर्शका सिद्धान्तहरू माटोमा मिलाइदैछ
कलीला फूलहरू कुल्चेर निमोठेर फ्याकीदैछ
स्वच्छन्द आकासमा उडिरहेका पंछीलाई नीशाना लगाइदैछ
र त मसीले कागज रङ्गीरहेछ

दिवास्वप्न बाडदै रातको नीद खोसीदैछ
बेलगाम घोडालाई जतातत‍ै हुइकाइदैछ
सुर्यलाई हत्केलाले छेक्ने कुचेष्टा गरीदैछ
र त मसीले कागज रङ्गीरहेछ

शिर्जनशीलहातहरूमा या हतियार थमाइदैछ या हतकडी लगाइदैछ
देश भीत्र देशबासी कै लागी पर्खाल ठडाइदैछ
घन्कीरहेका आवाजलाई बुट र लाठीले क्षतविक्षत पारीदैछ
र त मसीले कागज रङ्गीरहेछ

बाच्ने आशामा लोलाइरहेका आँखाहरू उडदै आएको अज्ञात
बस्तुको चुम्बनले बन्द भएकाछन
बृद्ध बृक्षहरू रगतको सेबनले तिर्खामा छटपटाउदैछन
लु अनी सीतलहरले सीधै मुटुमा हानेको छ
र त मसीले कागज रङ्गीरहेछ

झुठको खेतीमा शक्ती लगाई सिंचाइ गरिदैछ
नैतिकता र संस्कृतिको साटो स्तुती पढाइदैछ
अतीको पराकाष्ठाले खती भैरहेछ
र त मसीले कागज रङ्गीरहेछ

कमलाकान्त आचार्य
भीयना बिश्व बिद्यालय
भीयना अष्ट्रिया